महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

व्यास गाउँपालिका, दार्चुला

८०७७३५०७३००

व्याँस गाउँपालिका , दार्चुला

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-१३
च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
व्यास गाउँपालिका, दार्चुला ,
व्याँस गाउँपालिका , दार्चुला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आ व २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य कागजातसमेतका आधारमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली NAMS बाट तयार गरिएको पाना ५० को प्रारम्भिक प्रतिवेदन यसै साथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा सोही कानूनमा व्यवस्था भए बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

विष्णु राज रिजाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार,काठमाडौँ ।, info@mofaga.gov.np
श्री कोष तथा लेखानियन्त्रक कार्यालय,दार्चुला ।, dtcodarchula@gmail.com
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,सुदूर पश्चिम प्रदेश,धनगढी नेपाल ।, stco7@fcgo.gov.np

परिचय

१

(क) कार्यालय परिचय : स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल८३९.२६ वर्ग किलोमिटर तथा १०३४७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२० देखि २०८०।५।२३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ४५९७७९२६२। को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५११९४१६५०, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१८०६८०००।, स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम रु.४००००००। र गरिव संग विश्वेश्वर रु.४६३०००। समेत गरी रु.७५४७२६५०। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ८०००००।, यस वर्षको प्राप्ति रु. ११४२४६२३०.८५। र यस वर्षको भुक्तानी रु. ११५०४६२३०.८५। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	५,५८,४१,९५६.७६	३८,५३,०६,६१२.०५	३९,७४,९०,४८६.३३	४,३६,५८,०८२.४८
एकीकृत आर्थिक विवरणअनुसार	५६,६४१,९५६.७६	४९९,५५२,८४२.९०	५१२,५३६,७१७.१८	४३,६५८,०८२.४८
फरक	(८०००००)	(११४२४६२३०.८५)	(११५०४६२३०.८५)	०

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,५१,०४,५७९.७६ मौज्दात रहेकोमा यो वर्ष रु. ५,५८,४१,९५६.७६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७३७३७७। बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको ।

सैद्धान्तिक बेरुजु

३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाईएन ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाईएन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाईएन ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको पाईएन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे पनि सामान्य खेस्रा तयार पार्ने गरेको तथा भ्रमणमा कुन कारणले खटिएको हो यकिन नभई कार्यालय कामकाजमा खटिएको भनि भ्रमण आदेश दिने गरेको

खरिद व्यवस्थापन तर्फ

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाईएन ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको पाईएन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन । शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्ने देखियो ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु गर्नुपर्ने ।

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको देखिएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको देखिएन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

४ क्षेत्रगत बजेट र खर्चको स्थिति

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	३,११,२०,०००.००	२,८३,६५,३११.००	७।२६८
२	पूर्वाधार विकास	**१७,५१,२७,६९५.००**	**११,६४,५४,२९९.००**	२९।८४
३	सामाजिक विकास	**१५,८६,६८,०००.००**	**१४,२४,१९,२७५.१५**	३६।४९
४	**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**	**२,७५,०९,२४७.००**	**२,४५,०६,८४०.००**	६।२८
५	**कार्यालय सञ्चालन तथा प्रशासनिक**	**१०,०१,१९,३०५.००**	**७,८५,१४,०५७.१८**	२०।१२
	जम्मा		**३९०२५९७८२.३३**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३६.४९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ६.२८ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५ बजेट तथा कार्यक्रम

५.१ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल २७७ योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्म		रु. १लाख देखि २ लाखसम्म		रु. २लाखदेखि ५ लाखसम्मका	रु. ५लाख देखि १० लाखसम्मका			रु.१० लाखभन्दा बढीको		जम्मा
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
१२२	९२०४	५५	९७६५	६२	२१३९९	१७	१४८४८	३१	१६५७८८	२२१००५

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१५ योजनामात्र कार्यान्वयन भई ६२ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

५.२ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१५४२४२	१८,८९	१,३३,८९	१,४१,१४	१२,४८,४९	५,३८,४४
प्रतिशत	१००	०.८	६.०५	६.३८	५६.४९	२४.३६

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजिगत तर्फ वार्षिक रु.१५४२४१९६८। निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१८८९००० (०.८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१३३८८८४६। (६.०५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१४११४८५८। (६.३८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२४८४९२६४। (५६.४९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५३८४४०३८। (२४.३६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५४२४१९६८। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ८ करोड ७५ लाख ७६ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेट रु.४९ करोड २५ लाख ४४ हजारको तुलनामा १८ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

५.३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण,

कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५६ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ५ वटा नियमावली, ४ कार्यविधि लगायत ५८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । स्थानीय तहलाई आवश्यक कानुनहरु बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **न्यायिक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा यस सम्बन्धि कुनै विवरण प्राप्त नभएकाले कानुनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

७.२ **कर्मचारी व्यवस्था**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक

कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ७४८९३३९। भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

पद	**नियुक्ति संख्या**	**तलव भत्ता रु.**
ईन्जिनियर	१	५६७९५७
सव ईन्जिनियर	१	३४५९३०
अ.न.मी.	९	२,३४०,०००
अ.हे.ब.	११	२,८६०,०००
ल्या.अ.	२	५२०,०००
स.अ.क.	२	८५५,४५२
जम्मा		७४८९३३९

सैद्धान्तिक बेरुजु

७.३ **अवकास कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.६०००००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यस सम्बन्धि कानुन को निर्माण गरी अवकास कोषलाई व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ राजस्व आन्तरिक नियन्त्रण

८.१ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने तथा त्यसरी जम्मा नगरे २५ प्रतिशत सम्म जरिवाना लगाउने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरुबाट यस बर्ष रु.४५५१३९४.१३ आम्दानी गरेकोमा नगदी रसिदको ठेलीको के कति खर्च भएको हो सोको विवरण नराखेको र राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता १०८ (क), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता१०८ (ख), राजस्वको बैङ्क हिसावमिलान विवरण, १५ (क) जस्ता फारामहरु पेश नभएकोले के कति राजस्व आम्दानी भएको हो यकिन गर्न सकिएन । पालिकामा वडाहरुले जम्मा गरेको तथा पालिका राजस्व शाखाबाट असुल भई जम्मा भएको भौचरका आधारमा परीक्षण गर्दा ऐनमा तोकेको अवधिमा जम्मा नगरेकोले पालिकाबाट यकिन गरी ढीलो जम्मा गर्नेलाई ऐन अनुसार जरिवाना असुल गरी राजस्व असुल कार्यलाई पारदर्शि तथा प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.२ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आयशीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	२००,०००।००	१९,१४९।९८	९.५७%
भुमिकर/मालपोत	५००,०००।००	१७९,६२३।००	३५.९२%
अन्यकर	८००,०००।००	३,९०६,२६४।००	४८८.२८%
सिफारिशदस्तुर	१,०००,०००।००	२९६,४८७।००	२९.६५%
व्यवसायकर	५००,०००।००	१४९,८७०।००	२९.९७%
जम्मा	३,०००,०००।००	४,५५१,३९३।९८	१५१.७१%

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,४९,८७०.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.३ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४६५,७३२,४३२ ।३३	४,५५१,३९४.१३	०.९७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.४ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४९,२५,४४,२४७.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४१,३९,०७,२६७.९० अर्थात अनुमान भन्दा १५.९६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८.५ **राजस्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रु.४१,३९,०७,२६७.९० राजस्व असुली भएकोमा राख्नुपर्ने मलेप फारामहरुको अभिलेख नराख्नुको साथै प्राप्त हुनुपर्ने र प्राप्त भएको आम्दानी परिक्षण गर्ने आन्तरिक प्रणाली समेत नगरेको हुँदा प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । साथै पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

८.६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ अनुदान बितरण

अनुदान बितरण - बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभाबकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एककृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान वितरण तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीलाई अनुदान वितरण गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा कुनै कानुन तथा निति तयार गरेको छैन । कार्यालयबाट खर्च हुने अनुदानमा संघको कार्यक्रमको संघिय निर्देशिका र स्थानीय तहबाट खर्च हुने अनुदानको स्थानीय निर्देशिकालाई पालना गरेर खर्च गर्नुपर्दछ । यसले गर्दा अनुदान वितरणमा वास्तविक लाभग्राहिले नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम देखिन्छ । पालिकाबाट हुने अनुगमन मुल्याँङ्कनमा

वास्तविक वस्तुस्थितिको कार्यक्रम पूर्व तथा कार्यक्रम पश्चातको काम झल्कने गरी फोटो, लाभ ग्राहिको परिचय खुल्ने कागजात तथा अनुगमन प्रतिवेदन वेगर अनुगमन भत्ताको मात्र विल भर्पाई रहने गरेको देखिन्छ। अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था देखिदैन। साथै उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

१० **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४५५१३९४।०० राजस्व बाँडफाँड ७५१९७८७३.७७ र अनुदानबाट रु.४०९६३०६५० समेत रु. ४८९३७९९१७.९० आम्दानी भएकोमा चालु तर्फ रु.२३६०१७८१४.३३ र पूँजिगत तर्फ रु.१५४२४१९६८। समेत रु.४६५७३२४३२.३३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु .७६३००००। खर्च भएको छ जुन आन्तरिक आयको १.८६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.६८ प्रतिशत चालु र ३१.८१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **सेवाप्रवाहको स्थिति**

सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १२ वटा ऐन, ४ वटा नियमावली र १८ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	५०२
मृत्युदर्ता	९६
बसाईसराई दर्ता	६४
विवाह दर्ता	११३
सम्बन्धविच्छेद दर्ता	१
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

सैद्धान्तिक बेरुजु

१२ पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका निर्माण व्यवसायीलाई रु.६२०००००। पेश्की दिएको छ । गत आवको म्याद नाघेको पेश्कीहरु हाल सम्म फर्स्यौट नगरेको नदेखिएकोले पालिकाले यथासिघ्र फर्स्यौट गरी फरफारक गर्नुपर्दछ ।

पेश्की लिनेको विवरण	रकम
श्रिचम्पेश्वर निर्माण सेवा प्रा.लि	३०,००,०००.०
श्रिचम्पेश्वर निर्माण सेवा प्रा.लि	३२,००,०००.००

सैद्धान्तिक बेरुजु

१३ आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु

आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३३,३४ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिमका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम रु.

सि नं.	व्यहोरा	रकम
१	गाउँपालिका समानिकरण पूँजीगत खर्चबाट जाडघट्ट खानेपानी निर्माणको उपभोक्ता समितिको एम वि उपभोक्ता सम्बन्धि प्राविधिक विल अनुसार खुद रु४५८१३ भूक्तानी हुनुपर्नेमा रु४७५०० भूक्तानी भएको देखिएकोले रु१६८७ वढि भूक्तानी उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.	१६८७
२	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९५६ र ४७ अनुसार खर्च गर्दा प्रमाणहुन्छ। सरकारबाट हस्तान्तरित चालु खर्चबाट बहुपक्षीय पोषण कार्यक्रमको वडा स्तरिय खाद्य सुरक्षा समिति कार्यक्रमको बैठक तथा समाजमा भूक्तानी मध्ये सहभागिहरुको खाजा खुवाइए बापत वडा न १ को रु ३८०० वडा न ३ को ३००० र वडा न ५ को रु ३६०० गरि कुल रु.१०४०० को खाजा खाएको विल नभएको र रु ४००० खर्च प्रमाणित गर्ने कागजात अपुग देखिएकाले कुल रु.१४४०० रकम कार्यक्रम संचालकबाट असुल गर्नुपर्ने रु.	१४४००
३	राजस्व वाडफाट कार्यसंचालन खर्चबाट पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च मिडिया विकास समाज नेपालको रु १० ०००००। भूक्तानीमा कोटेशनको कागजपत्र सङ्लग्न गर्नुपर्ने छ र पत्रपत्रिका छपाइ र सुचना प्रकाशन सम्बन्धि कार्यमा कम्तिमा कार्यालयलाइ १५% छुट अनिवार्य दिइपर्ने व्यवस्था गर्नुपर्ने छ ।	०
४	भवन निर्माणः गाउँपालिका पूँजीगत खर्चबाट सम्पाल मा वि एक कोठे भवन निर्माणको कार्यको सम्झौता पत्र , कार्य आदेश , सामग्रि ढुवानी वापत गाडी सम्झौता , ब्लु बुक र लाइसेन्स नभएकोले सो कागजपत्र सङ्लग्न गर्नुपर्नेछ ।	०
५	१३९।२०८०।२।८ गतेको भौचरमा राप्ला वाटो मर्मतको रु.४८००० को विल भूक्तानीमा उपभोक्ता सम्बन्धि विलमा स्वीकृत गर्नेको सहिछाप गर्नुपर्नेछ ।	०
६	२१५ ।२०६०। ०२ । ३१ गतेको भौचरमा व्याँस १ भिसेट जडान तथा दुवानीको विनोद सिंह बुढाथोकीको नाममा रु. ३८१ ४९७ भूक्तानी भएको देखियो । आ व २०७८।७९ मा NT- SAT प्रणालीवाट ग्रामिण तथा दुर्गम इलाकामा टेलिफोन सेवा उपलब्ध गराउनको लागि व्यास वडा न १ र नेपाल टेलिकम बिच सम्झौता भएको देखिन्छ। सो सामग्रि ढुवानी गर्दा काठमाण्डौ देखि दार्चुला सम्म रु. १६५ , ००० को गाडी सम्झौता भएको देखियो । सो V-SAT को मात्रा तौल अनुसार ढुवानी भाडा धेरै वढि देखिएकोले खर्च मितव्ययिता अपनाउनु पर्नेछ ।	०

७	तिजको कार्यक्रम खर्चः गाउँपालिका पूँजीगत खर्चवाट विभिन्न वडाहरुमा चालु प्रकृतिका तिज बिशेष कार्यक्रमको लागि खर्च गरेको देखियो तर पूँजीगत खर्च शीर्षकबाट चालु प्रकृतिका कुनै कार्यक्रममा खर्च गर्नु नियम सम्मत नदेखिएको ।	०
८	रोजगार सेवा केन्द्रको कार्यक्रमः गाउँपालिका पूँजीगत खर्च वाट चालु प्रकृतिको रोजगार सेवा केन्द्रको अभिमुखिकरण कार्यक्रम सम्पन्न ९९८००/-कानी भएको देखिएको छ । यसमा पूँजीगत खर्चलाई चालु प्रकृतिको कार्यक्रमा खर्च गर्न नमिल्ने देखिन्छ र कुनै प्रकारको खर्च गर्न पाउने निर्णयनको नियम सम्मत नदेखिएको ।	०
९	२५९।२०८०।०३।१७ गते व्याँस गाउँपालिका पूँजीगत खर्चबाट छाहरु आधुनिक औजार खरिद श्री जेवी ट्रेडर्स एण्ड सप्लायर्सको एउटै मिति २०८०।०३।०६ गते क्रमस विल न २० मा रु ८९०४४/ र विल न २१ मा रु ७३२२४/ रकमका एकै प्रकृतिका सामग्रीहरु देखिएकोले कोटेशनको प्रक्रिया नगरि टुक्रा टुक्रा गरि खरिद गरिएको पाइएकोले नियम सम्मत नदेखिएकोले कोटेशन मार्फत गरी नियमित गर्नुपर्ने रु.	१६२२६८
१०	६६। २०७९।०८।१५ गते व्याँस गाउँपालिका चालु खर्चमा आकस्मिक कोषवाट कार्यपालिकाको निर्णय अनुसार दार्चुला साहित्य समाजलाइ आर्थिक सहयोग भूक्तानी गर्दा न्यू चौलानी पुस्तक पसलको रु.१८ , ५६०। सकल विल राखि नियमित गर्नुपर्ने रु .	१८५६०
११	संघीय सरकार सशर्त चालु खर्चबाट मासु मिसन कार्यक्रम अन्तर्गत बाख्रा प्रवद्धन अन्तर्गत पशु शाखाको सङ्लग्न निवेदन तोक आदेश बिल भरपाइ अनुसार दुवानी रकम रु ७२ ००० कृष्ण राज भट्टले भूक्तानी लिएको पाइयो यसमा विभिन्न समयमा घाँसको विउ महेन्द्रनगर देखि व्याँस गापा सम्म ढुवानी गरेको भनि गाडी सम्झौता बनाएको देखियो त्यसैले श्रेस्ता चेक जाँच गर्ने वेला दुवानी गरिएका सामग्रीको विवरण , सामग्री किन्नको लागि कार्यालयसंग गरिएको सम्झौता पत्रको प्रतिलिपि सङ्लग्न नदेखिएको नियम सम्मत नभएकोले नियमित गर्नपर्ने रु .	७२०००
१२	संघीय सरकारबाट हस्तान्तरित पूँजीगत शीर्षकबाट चालु प्रकृतिका कार्यक्रममा खर्च गर्न नमिल्ने देखिन्छ। ससर्त पूँजीगत खर्चबाट रोजगार सेवा केन्द्रको श्रमको सम्मान राष्ट्रको अभियान नामक कार्यक्रम सञ्चालनमा रु ५० ९८० भूक्तानी भएको नियम सम्मत देखिएन त्यसैले पूँजीगत खर्चबाट कुनै पनि कार्यक्रममा खर्च गरेको नियम सम्मत नदेखिएको ।	०
१३	संघीय सरकार पूँजीगत खर्चबाट पालिकाले विभिन्न समयमा	०

	वोलपत्र आह्वान सम्बन्धि सूचना प्रकाशित गरेर कोटेशनको प्रक्रिया विना मध्यान्न दैनिक पत्रिकाको नाममा रु.१९० ९७०। विलको र तिमुरवाटा हुति धौलाकोट मडगाउ माल सडक निर्माणको टेण्डर प्रकाशन बिल अपि विज्ञापन एजेन्सीको नाममा रु.३७४१६६ विल र कन्टिनजेन्सीबाट दुम्लिङ तिंकर घोवा निर्माण ठेक्काको टेण्डर प्रकाशनको आर के एडभरटाइजिङको नाममा रु.३२०००० को भूक्तानी भएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा खरिद विधि र प्रक्रियाको व्यवस्था गरेको छ । यसप्रकार १ लाख भन्दा माथिको खरिद कार्यको लागि कोटेशन गर्नुपर्ने ।	
१४	राजस्व बाँडफाट पूजीगतक खर्चबाट मेसिनरि तथा औजार खरिदमा कोटेशनको प्रक्रिया विना रु.१६६६७५। को विल नोबेल इन्स्टिच्युट अफ इन्फर्मेसन टेक्नोलोजीलाई भूक्तानी भएको देखिन्छ । यसमा कोटेशन आह्वान गरेको सुचना , कोटेशनको प्रतिस्प्रधात्मक चार्ट. तिनवटा फर्मको स्थायी लेखानम्वर , कर चुक्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्र नरहेको नियम सम्मत नभएकोले नियमित गर्नुपर्ने रु	१६६६७५
१५	राजस्व वाडफाट चालु खर्चबाट मसलन्द तथा कार्यालय सामग्रि कम्प्युटरको कोटेशनको प्रक्रिया बिना खरिद गरि रु. २२९ , ९१० रकम भूक्तानी भएको नियम सम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु	२२९९१०
१६	स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा गाउँपालिका एकल अधिकार अनुसुची ८ मा भए बमोजीम हुने उल्लेख गरेको छ । तर गाउँपालिकाले राजस्व वाडफाट खर्च बाट अनुसुची ८ बमोजिम बाहेक संघीय सरकार अन्तर्गतको ससस्त्र प्रहरीको लागि सामग्रि खरिद गरिदिएको रु.१९६१०५। खर्च लेखेको छ । पालिकाको कार्यक्षेत्र भित्र नरहेको ससस्त्र प्रहरीलाइ सामग्रि खरिद गर्न पालिकाबाट खर्च गर्नु नियम सम्मत नदेखिएको रु	१९६१०५
	जम्मा	८६१६०५

प्रमाण पेश नगरेको	८,६१,६०५

१४ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
कोल्ड स्टोर ४, ५ र ६ नं. वडा कार्यालय भवन	विर वेतालईन्जिनियरीङ कन्सल्टेन्सी	१,५००,०००।	१,४९७,२५०।	विवरण उपलव्ध नभएको
१५शैय्या अस्पताल	इएफआइनेपाल प्रा. लि.	१,५००,०००।	१,४९१,६००।	विवरण उपलव्ध नभएको
तिमुरपाटासडक	शानईन्जिनियरीङ्ग कन्स्लटेन्सी सर्भिस	७००,०००।	६६८,२००।	विवरण उपलव्ध नभएको
जम्मा		३७०००००।	३६५७०	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।प्राप्त प्रतिवेदनहरु अभिलेखको रुपमा लेखाङ्कन समेत गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **भुक्तानी दिन बाँकी**

गत वर्षको भुक्तानी दिन बाँकी चालुतर्फ ७६ र पूजिगत तर्फ ६१ कारोबारको आन्तरिक लेखापरीक्षक लेखाप्रमुख र प्रशासकीय प्रमुखबाट प्रमाणित गराई वार्षिक बजेटमा समावेश गरी सवै कारोवारको रु ३३०९७८४३। भुक्तानी दिएको छ । सम्पूर्ण कार्यहरुको आर्थिक वर्षको अन्तमा भुक्तानी दिनुपर्ने वजेट र समय अभावका कारण कारोवार गर्न नभ्याएको कारण भुक्तानी दिन बाँकी विवरण राख्नुपरेको कार्यालयले जनाएको छ । चौमासिक खर्च प्रगतीलाई ध्यान दिई समयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **LRIMS खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिल्ला मालपोत कार्यालयका कर्मचारीहरुलाई LRIMSमा सार्वजनिक गुठी जग्गाको प्रविष्टी गरी श्रेस्ता तयार गरे वापत पारीश्रमिक खर्च रु ५००००। भुक्तानी गरेको छ । मालपोत कार्यालयको नियमित कार्यको लागि पारीश्रमिक भुक्तानी मालपोत कार्यालयबाटै हुने भएकोले यस्तो खर्च लेख्न नमिल्ने देखिएको रु

असुल गर्नुपर्ने	५०,०००

१७ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लाबाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५। प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३। प्रति वर्गफीट उल्लेख छ । पालिकाले यस वर्ष १७ ठाउँमा गाउँपालिका चालू शिर्षकबाट रु १७१६१२०। घर भाडा वापत भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण नगरी तथा कोठाको क्षेत्रफललाई आधार नलिई निर्धारण गरेको घरभाडा नियमसम्मत देखिदैन । यस्तो कार्यमा सुधार गरी उक्त समितिबाट निर्धारित जिल्ला दररेटको आधारमा भाडा लिने गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ भ्रमण खर्च

भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । नगरपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु. १७६३१००। खर्च लेखेको देखियो ।

लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले ४०१ वटा भ्रमण आदेशबाट दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा प्रमख, प्राविधक प्रमुख, सव इन्जिनियर, शाखा प्रमुख, प्रशासन शाखा हेर्ने कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारी नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सवैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि नै हो भनि यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण विल लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम दार्चुला तथा जिल्ला वाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ गरिव घर धुरी परिचयपत्र

नेपाल सरकारले यस जिल्लामा गरिव घर परीवार पहिचान कार्यक्रम संचालन गरी गरिव घरपरिवार परिचयपत्र वितरण गरिसकेको अवस्था छ । यस वर्ष पालिकाले आर्थिक सहायता वापत २९ जनालाई रु १०३७०००। वितरण गरेको छ । उक्त

सहायता प्रदान गर्दा अति विपन्न, आर्थिक अवस्था कमजोर रहेको जस्ता सिफारिश पेश गरेको देखिन्छ । सरकारले पहिचान गरी वितरण गरेको गरिव घर धुरी परिचयपत्रलाई आधार प्रमाण लिई सहायता दिएको देखिदैन । यस्तो कार्यमा सुधार गरी सेवाग्राहीको परिचयपत्रलाई प्रमाण लिई आर्थिक सहायता प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **असुल गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा खर्च गर्दा रित पुगे नपुगेको परिक्षण गरी दिनुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बोजिमको भुक्तानीमा गर्दा रित नपुर्‍याई दिएकोले बढी भुक्तानी भएको देखिन्छ । यस्तो रकम असुल गर्नुपर्ने देखिएको रु (विवरण अनुसूचिमा उल्लेख छ ।)

असुल गर्नुपर्ने	३६,९९२

२१ **राष्ट्रपति भ्रमण खर्च**

पालिकाको क्षेत्रमा निर्माण गरिएको नेपाल स्तम्भको उद्घाटन राष्ट्रपतिबाट हुने भनी भ्रमण व्यवस्थापन खर्च विनोदसिँह बुढाथोकीले रु २८३४००। बुझेकोमा निजको पेश गरेको विजक रु १९९००। कम पेश भएको छ । उक्त विवरणमा राष्ट्रपतीबाट स्तम्भ उद्घाटन भएको हो भन्ने प्रमाण संलग्न देखिदैन । कर्मचारीलाई सोधनी हुदा उक्त कार्यक्रम राष्ट्रपतिबाट उद्घाटन नभएको जानकारी प्राप्त भएको छ । निर्दिष्ट कार्यक्रमको लागि खर्च नभई अन्य विविध खाजा खानाको विल संलग्न गरी भुक्तानी दिएको नियमसम्मत भएको नदेखिएको रु

अनियमित भएको	२,८३,६००

२२ **एकल पूरुष सामाजिक सुरक्षा**

ब्यासँ गाउँपालिकाको स्थानीय सामाजिक सुरक्षा कार्यविधि, २०७९ तर्जुमा गरी ५१ जना एकल पूरुषलाई मासिक रु ५००। को दरले रु २८०५००। वितरण गरेको छ । निवेदन आवह्वान गरी सम्वन्धित वडाको सिफारिशलाई आधार लिई पहिचान हुने कार्यालयले जनाएको छ । निजहरुको भत्ता बैंक खातामा भुक्तानी हुने गरेको छ ।

सैद्धान्तिक बेरुजु

२३ **खलंगा कार्यालय व्यवस्थापन खर्च**

भौगोलिक विकटताका, विद्युत्त र इन्टरनेट अभावले पालिका मुकाममा काम गर्न असहज भएको भनी आर्थिकवर्षको अन्तमा सदरमुकाममा सम्पर्क कार्यालय स्थापना गरी कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, घरभाडा, खाजा खानामा यस वर्ष रु ३७०३५०। खर्च लेखेको छ । गत वर्ष यस्तो खर्च रु २५३०००। लेखेको थियो । एकातर्फ खलंगामा इन्टरनेट खर्च लेख्ने अर्कोतर्फ पालकामा कम गुणस्तरको इन्टरनेट जोडी भुक्तानी गर्नु नियमसम्मत देखिदैन । पालिकाको भवन निर्माण कार्य, विद्युत्तीकरण र गुणस्तरीय इन्टरनेटको पहुच स्थापना गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **राप्ला कन्डाली मेला व्यवस्थापन** (२३१-२०८०-१-२२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता सम्पादित निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर , ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि गर्नुपर्ने व्यवस्था छ । राप्ला कन्डाली मेला व्यवस्थापन कार्य उपभोक्ताबाट गर्ने गरी रु ६६१५००। मा सम्झौता भएकोमा उपभोक्ता समितिको तर्फबाट हुनुपर्ने १५ प्रतिशत अंश कट्टा नगरी रु ६९८८००। भुक्तानी भएको छ । उपभोक्ताको अंश १५ प्रतिशत कट्टा गरी रु ५६२२७५। भुक्तानी हुनुपर्नेमा सो भन्दा बढी भुक्तानी भएको छ ।

कार्यालयको जवाफः उपभोक्ता सँग भएको सम्झौतालाई रद्द गरी पालिकाले सामान खरिद गरी हस्तान्तरण भएको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **गरिवी निवारण कोष व्यवस्थापन** (२२९,२३०-२०८०-३-२२):

राजाकोट युवा क्लव राप्ला, दार्चुलालाई गरीवि निवारण कोष कार्यक्रम संचालन गर्न २०७८/५/२८-२०७९/९/२८ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भौचर नं २२९-२०८०/३/२२ बाट रु ३ लाख र भौचर नं. २३०-२०८०/३/२२ बाट ५ लाख गरी रु ८ लाख भुक्तानी भएको देखियो । धुम्तीकोष व्यवस्थापन कार्यक्रम संचालन गर्न दिएको उक्त रकमको उद्देश्य तेस्रो पक्षबाट रकम उठाउनको लागि सहजीकरण गर्ने प्रयोजनको लागी दोश्रो पक्षसँग सम्झौता गरी भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु

अनियमित भएको	८,००,०००

२६ **सामुदायिक वन विधान**

यस पालिका क्षेत्र भित्रका संरक्षण सामुदायिक वनहरुको विधान तथा कार्ययोजना नविकरण कार्यको लागि एसिलेरेटेड वायो डाइभरसिटी कन्जरभेसन कन्सल्टेन्सी प्रा.लि. लाई रु १४८४३६८। भुक्तानी दिएको छ । सामुदायिक वन संरक्षण समितिको कार्यप्रकृति के हुने, निजहरुको विधान तथा कार्ययोजनको नविकरण गर्नुपर्ने कारण र पालिकाले यस्तो व्ययभार व्यहोर्नुपर्ने दायित्व स्पष्ट देखिदैन । कार्यक्रमको लागत अनुमान तयार गरी पूर्व स्विकृत गरेको छैन । १४ वटा समितिको विद्यान तयार गर्ने र नविकरण गर्ने कार्य उल्लेख गरेको भएपनि नविकरण गरेको प्रमाण पेश भएको छैन । यस्ता समितिलाई उल्लेखित प्रयोजनको लागि रकम भुक्तानि गर्नु नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१४,८४,३६८

२७ **सार्वजनिक सुनुवाई** (१५२-२०८०-२-३२):

सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ को दफा ३० र सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ को नियम१९ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालयका प्रमुखले आफू वहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।यस्तो सुनुवाई गर्दा विषयसँग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नगारिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीलाई समेतको आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनुपर्ने व्यवस्था छ ।यस्तो सार्वजनिक सुनुवाई गर्दा कार्यालय प्रमुखले सुनुवाईको वहसलाई विषय केन्द्रित गराउन एकजना सार्वजनिक सुनुवाई सहजकर्ता (मोडोरेटर) नियुक्त गरी कार्यक्रम संचालन गर्नुपर्नेमा संघिय मिडिया फोरमलाई सम्पूर्ण कार्यको लागि सम्झौता गरी यस वर्ष पालिका चालूबाट रु १८७१५०। र राजश्व वाडफाडबाट रु १००००००। गरी

जम्मा रु ११८७१५०। खर्च गरेको छ ।पालिकाले सूचना तथा संचारको लागि स्थानीय रेडियो तथा पत्रपत्रिकासँग वार्षिक सम्झौता गरी सन्देश प्रशारण गर्ने सम्झौता गरेको तथा मोडोरेटर नियुक्त गरी संचालन गर्न सक्ने अवस्थामा पालिकालाई बढि व्ययभार पारेको देखिन्छ । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **पदाधिकारी सुविधा**

सुदुरपश्चिम प्रदेश सरकारले जनप्रतिनिधिहरुको सेवा सुविधा सम्वन्धि व्यवस्था छ । कानूनमा इलेकट्रोनिक्स लगायतका आइटमहरु सुविधाहरु दिनसक्ने व्यवस्था नभएकोमा पालिकाले वडा नं 1,4,5,6 का वडाध्यक्षहरुलाई रु ३१९१००। का पावर बैंक र ल्यापटप खरिद गरी दिएको देखियो । उक्त सामानहरुको सेवा प्रवाहको लागि दैनिक प्रशासनिक कार्य गर्न कार्यालयमा भएका कर्मचारीलाई आवश्यक पर्नेमा सो नगरी जनप्रतिनिधिहरुलाई दिइनु नियमसम्मत नदेखिएको रु

अनियमित भएको	३,१९,०००

२९ **प्रमाण पेश**

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम कारोबारमा खर्च पुष्टी गर्ने कागजात संलग्न नराखेको/रित नपुर्‍याएको देखिएकोले देहाय बमोजिम प्रमाण पेश गर्नुपर्ने देखिएको रु (विवरण अनुसूचिमा रहेको छ ।)

प्रमाण पेश नगरेको	४,९७,९००

३० **नियमसम्मत नदेखिएको खर्च**

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खर्च गरेको नियमसम्मत नदेखिएको रु (विवरण अनुसूचिमा उल्लेख छ ।)

अनियमित भएको	१,२३,५००

३१ **कार्यालय सामान खरिद र प्रयोग**

मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा रु ४३२९७५७। बजारमा गई समानहरु खरिद गर्ने गरेको देखियो । उक्त रकमको खरिद कार्य गर्दा नियमानुसार बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने,

माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । खरीद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्ने स्थिति देखिदैन । यस्तो कार्यमा सुधार गरी खरिद अभिलेख चुस्तदुरुस्त बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **लद्यु उद्यम विकास कार्यक्रम**

गरिवि निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने तथा सञ्चालित सिप विकास तालिमबाट उत्पादन भएका समाग्रिहरुको विक्रिबाट प्राप्त भएको राजस्व संकलन गरी पालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ । तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरण अन्तरगत मेसिन खरिद गरी रु.६०२०००। खर्च लेखेकोमा खरिद सामाग्रीहरु उद्यमीहरुलाई वितरण गरी कम्तिमा २० प्रतिशत रकम असुल गरी बाँकी ८० प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१२०४००। रकम सम्बन्धित उद्यमीहरुबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने तथा सिप विकास तालिमबाट उत्पादित सामाग्रिहरुको विक्रिबाट प्राप्त आय राजस्व जम्मा गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,२०,४००

३३ **मासुमिसन कार्यक्रम**

२०४।०८०।३।२१ गोरखनाथ प्रेस हाउससँग सम्झौता गरी पालिका र संस्थाको ५०/५० प्रतिशत लगानी साझेदारी हुनेगरी फ्रेसहाउस सुधारका लागि रु.१२००००।को लागत अनुमान तयार गरी कार्य गरेकोमा सम्झौता अनुसार ६००००। भुक्तानी गर्नुपर्नेमा रु.१०००००। भुक्तानी गरेकोमा बढी भुक्तानी रकम रु.४००००। असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४०,०००

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन ।योजनामा पिसिसि गरेको काम भए पनि सोको विल भर्पाई नरहेको तथा लागत अनुमान तयार गर्दा एउटा कामको लागि कति मानिस लाग्ने हो भनि यकिन नगरी निश्चित मानिसलाई १०० दिन रोजगारी पुर्‍याउने उद्देश्यले लागत अनुमान तयार गरी भुक्तानी गरेको देखिन्छ । कामका लागी रोजगार कार्यक्रममा पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घोरेटोबाटो निर्माण, तटवन्धन, अन्य विद्यालय भवन मर्मत लगायतका १७ कार्यक्रम सञ्चालन गरी १९९ जनालाई औषत ९५.४४ दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.१०९५८९६१। खर्च लेखेको छ ।

पालिकाले यसै योजनाको लागि साझेदारीमा रु.५७४३२३। खर्च गरेकोमा सुचिमा नरहेका दक्ष कामदारलाई जिल्ला दररेटको आधारमा भुक्तानी दिएको देखिन्छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । साथै उक्तम्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत सञ्चालनमा रहेका देहायका पकेट विकास कार्यक्रम सञ्चालन गर्दा लाभान्वित वर्गको सहभागितामा आवश्यकता र प्राविधिक दृष्ट्रिले उपयुक्त क्रियाकलाप छनौट गरी बढीमा २ बर्षको लागि लागत अनुमान तथा कार्ययोजना तयार गर्नुपर्ने र पहिलो बर्ष कम्तिमा छनौट भएको पकेट क्षेत्रमा लागतको ६० प्रतिशत रकम परिचालन गर्ने र सञ्चालित पकेटको प्रोफाईल तयार गर्ने तथा बार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने जस्ता व्यवस्था भएकोमा उल्लेखित व्यवस्था वेगर पकेट कार्यक्रममा खर्च गरेको,लागत अनुमान एक बर्षे मात्र गरेको तथा सो पकेटको अनुगमन समेत गरेको नदेखिएकोले पालिकाले कार्यक्रम सञ्चालन गर्दा परियोजना म्यानुअल अनुसार गर्नुपर्दछ ।

कृषक समूह	पकेट कार्यक्रम	रकम
मिलिजुलि कृषक समूह	ओखर पकेट विकास कार्यक्रम निरन्तरता	३०००००
नौलाकेदार कृषक समूह	ओखर पकेट विकास कार्यक्रम निरन्तरता	३०००००
हरिचन कृषि तथा पशुपन्छि फर्म	ओखर पकेट विकास कार्यक्रम नयाँ	२०००००
समैजी कृषक समूह	ओखर पकेट विकास कार्यक्रम नयाँ	२०००००
ब्रहमदेव कृषक समूह	ओखर पकेट विकास कार्यक्रम नयाँ	३०००००
राखुपा कृषि तथा पशुपन्छि फर्म	स्याउ पकेट विकास कार्यक्रम नयाँ	५०००००
वानवी कृषक समूह	सुन्तला पकेट विकास कार्यक्रम नयाँ	४५००००
छुरमुल कृषि तथा पशुपन्छि पालन कृषक समुह	सुन्तला पकेट विकास कार्यक्रम नयाँ	४५००००
गौमाता कृषि तथा पशुपन्छि फर्म	सुन्तला पकेट विकास कार्यक्रम नयाँ	१०००००
रुपचन्द्र गाई तथा फलफूल कृषि फर्म	सुन्तला पकेट विकास कार्यक्रम नयाँ	१०००००
देवस्थली कृषक समूह	सुन्तला पकेट विकास कार्यक्रम नयाँ	१०००००

सैद्धान्तिक बेरुजु

३६ **सामाजिक सुरक्षा**

३६.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस पालिकाको आ.व.२०७९।८० मा रु.५२९४१६५०। बैकबाट वितरण गरेकोमा समयमै लाभ ग्राहीको खाता अद्यावधिक नगरेको,लगत कट्टा नगरेको तथा समयमै नविकरण नगरेको तथा बैंकले कुन लाभग्राहीको खातामा कति रकम भुक्तानी गरेको हो सोको रिभर्स फिड नपठाएको,खाता अपडेट नगरेका लाभग्राहीको विवरण पेश नगरेको,पार्किङ खाताको विवरण पेश नगरेकोले यति नै रकम खर्च भएको हो भनि यकिन गर्ने आधार नभएको

सैद्धान्तिक बेरुजु

३६.२
गत बर्षको भुक्तानी बाँकी भएको रकम भुक्तानी गर्दा २०७८।६।३० मा मृत्यु भएका वडा नं.६ का लाभग्राही सुन्दर सिंह खातीलाई चौथो त्रैमासिक छुट भनेर रु.१२०००। भुक्तानी गरेकोले नपाउने रकम भुक्तानी भएको असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,०००

३७ **शिक्षा तर्फ**

३७.१ कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान यकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा २५ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको यकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक रु.१२९९६०००। खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि तथा शिक्षक विद्यार्थिको अनुपात समायोजन बेगर पालिकाबाट खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७.३ कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार छात्रवृत्ती,दिवा खाजा,पाठ्यपुस्तक बुक कर्नर लगायतको निकासा दिदा इएमआइ एस (IEMIS)अनुसारको विधार्थीको तथ्याङ्कलाइ सत्यापन गराइ यथार्थ तथ्याङ्क अनुरुप निकासा गर्नुपर्नेमा

विद्यालयले पाठ्यपुस्तक खरिदको विल पेश गरेको आधारमा रकम निकासा गर्ने गरेको देखियो । यथार्थ विद्यार्थिको संख्या पालिकाले यकिन गरी सो अनुसार रकम भुक्तानी गर्दा स्थानीय तहले अनुगमन गरी प्रतिवेदनको आधारमा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७. पालिकाका कक्षा ६ देखि १२ सम्मका सामुदायीक विद्यालयका ६६६ छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड १००५७ थान बोलपत्रको माध्यमबाट प्रति थान रु.७९.३० (मु अ कर सहित) को लागत अनुमान गरी सिटि ईन्टरप्राईजेज,धनगढी (६०३८०५२५७) बाट प्रति थान रु.७९.२० का दरले कुल रु.७९६५१४.४० (मु अ कर समेत) मा खरिद गरेको छ । स्यानीटरी प्याड (बितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले छात्राको नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, एक छात्रा लाई १० महिनाको एक चक्रमा बढीमा १६ वटा सम्म हुने गरी खरिद गर्नुपर्ने, प्याड खरिद गर्दा शैक्षिक सत्रको सुरुमै खरिद गरी विद्यालयलाई वितरण गर्ने, विद्यालयले सो को चौमासिक प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्ने स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा बजेट उपलव्धताको आधारमा खरिद गर्ने र विद्यालयलाई एकमुष्ठ वितरण गरेको तथा कार्यविधिले तोके अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **विविध खर्च खाता**

ग्रामिण दूरसञ्चार विकास कोषबाट पालिका भरिका सामुदायिक विद्यालयहरुमा ब्रोडाव्याण्ड ईन्टरनेटको पहुँचको लागि नेपाल दूरसञ्चार प्राधिकरणसँग २०७९।३।१२ गते पालिकाका २० विद्यालयमा ईन्टरनेट सञ्चालन गर्ने गरी सम्झौता भएको देखियो । पालिकाले प्रति विद्यालय रु.७३९००। का दरले २० विद्यालयको रु.१४७८०००। भुक्तानी गरेकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार रु.१२०००। का दरले रु.२४००००। ईन्टरनेट जडानको लागि निकास समेत भएको छ । ईन्टरनेटको सवै शुल्क समेत भुक्तानी भै सके पछि दोहोरो भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,४०,०००

३९ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा ऐन,२०२८ १६ च१ अनुसार जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने जस अनुसार हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ। पालिकाले ऐनमा भएको व्यवस्था अनुसार कार्याव्वयन गरेको देखिएन । ऐनको पालनामा ध्यान दिनुपर्ने देखिन्छ । भौगोलिक कठिनाईका कारण विद्यालयको अनुपात मिलाउन नसकिएको भनि कार्यालयले भनेता पनि ऐनको कार्यान्वयन गर्न समयमै ध्यान दिनुपर्छ ।

सिनं.	विद्यालयकोनाम	शिक्षकसंख्या	विद्यार्थिसंख्या	शिक्षकविद्यार्थि अनुपात
१	श्रीब्रह्मदह आधारभूत विद्यालय डोब	४	२४	६ ।००
२	श्री महादेबआधारभूत विद्यालय (१-३) तुसरपानी	२	७	३ ।५०
३	श्री नमज्युङआधारभूत विद्यालय (१-३)	३	२७	९ ।००
४	श्री गीताभवनआधारभूत विद्यालय (१-५)	३	३१	१० ।३३
५	श्री आधारभूतविद्यालय चन्दाकोट (१-५)	३	२८	९ ।३३
६	श्री श्रीचन्दआधारभूत विद्यालय (०-५) मडगाउँ	४	३६	९ ।००
७	श्री शिरसिन्धार आधारभूत विद्यालय (१-८)	६	६४	१० ।६७
८	श्री हुस्करआधारभूत विद्यालय (१-३) खातीगाउँ	२	१२	६ ।००
९	श्री होस्करआधारभूत विद्यालय (०-५) डोकट	३	४४	१४ ।६७
१०	श्री लटबाबआधारभूत विद्यालय (१-५) जयपुर हुती	३	४५	१५ ।००
११	श्री बसन्तपुरमाध्यमिक विद्यालय बसेडी	११	१८८	१७ ।०९
१२	श्री चौरीधारआधारभूत विद्यालय (१-५) नाजी	४	६८	१७ ।००
१३	श्री रानीस्थानआधारभूत विद्यालय हुती (१-५)	६	१११	१८ ।५०
१४	श्री सम्पालमाध्यमिक विद्यालय सुन्सेरा	२०	४२९	२१ ।४५
१५	श्री पञ्चदेवाआधारभूत विद्यालय (१-५) दम्फा	६	७१	११ ।८३
१६	श्रीव्रह्मस्थान आधारभूत विद्यालय (०-८)डोकट	१५	१९७	१३ ।१३
१७	श्री सिद्धमाध्यमिक विद्यालय (१-१०) सिना	१५	३८४	२५ ।६०

१८	श्री हिमालयमाध्यमिक विद्यालय हुती	१७	२८०	१६ ।४७
१९	श्री रानीस्थानआधारभूत विद्यालय (०-५) पनिखाल	३	६९	२३ ।००
२०	श्रीमालिकार्जुन आधारभूत विद्यालय (१-५) पन्तोली	२	२६	१३ ।००
२१	श्री गणेशआधारभूत विद्यालय (१-५) बाननी	३	३४	११ ।३३
२२	श्री भूमिराजआधारभूत विद्यालय (१-३) सल्याडी	३	४१	१३ ।६७
२३	श्रीदुर्गास्थान माध्यमिक विद्यालय स्याँकु	१४	२६२	१८ ।७१
२४	श्री रानीस्थानआधारभूत विद्यालय माल	४	५४	१३ ।५०
२५	श्री सर्वहितआधारभूत विद्यालय (१-८) दुम्लिङ्ग	६	७४	१२ ।३३
	जम्मा	१६२	२६०६	१६ ।०९

सैद्धान्तिक बेरुजु

४० **औषधि खरिद**

४०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको र त्यस्तो उत्पादनकले स्थानीय डिलरलाई दिए सरहको छुट दिने गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद नहुने व्यवस्था छ । पालिकाले यस बर्ष औषधिजन्य सामाग्रि र औषधि सिलबन्दी दरभाउ पत्रको मार्फतबाट रु.१४८७७५०। को खरिद गरेको देखियो । नियममा तोकेको सिमा भन्दा बढीको औषधिजन्य सामाग्री तथा औषधि खरिद गरेकोमा स्थानीय डिलरलाई दिने सरहको मूल्यमा दिए नदिएको एकिन हुन सकेन । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई जाँच गर्नुपर्ने, उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्नु पर्नेमा सो अनुसार गरेको प्रमाण राखेको देखिएन । यस्तो अवस्थामा पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्पेशीफिकेशन अनुसार भएको छ भनि यकिन गर्न सकिएन । यसका अतिरिक्त बार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी अद्यावधिक अभिलेख राखी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४०.३१९१।०८०।३।१९ कोभिड १९ खोप अभियान कार्यक्रमको अनुगमन तथा व्यवस्थापन कार्यका लागि मुकेश कुवरलाई भुक्तानी दिएकोमा राप्ला स्वास्थ्य चौकिकोको डाटा संकलन कार्यको फाराममा सवै कागजातहरुमा मिति सच्चाई रु.१९५००।को भुक्तानी गरेकोले यथार्थता हो भनि यकिन गर्न नसकिने हुनाले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१९,५००

४१ **सशर्त कार्यक्रम**

४१.१नमुना कृषि फर्म कार्यक्रम सञ्चान कार्यविधि,२०७६ अनुसार नमुना कृषि फर्म कृषि ज्ञानकेन्द्र र निर्देशनालयले एक निर्वाचन क्षेत्रमा एक नमुना कृषि फर्म स्थापना गर्न सकिने र यसमा कृषि फर्मको ५० प्रतिशत अनुदान रहने उल्लेख छ । पालिकाले नमुना कृषि फर्मलाई भनेर खेतियोग्य बाँझो जग्गालाई उपयोग गर्ने सम्बन्धि कार्यविधि २०७२ मा ५ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टा गर्न सक्ने प्रावधान अनुसार कट्टा गरेको रकमबाट ८ जना कृषि प्राविधिक,सुपरिवेक्षक र स्वयमसेवकलाई रु.५३२४६५। खर्च लेखेको देखियो । यसरी फरक उद्धेश्यका लागि कट्टा गरेको रकम अन्यत्र शीर्षकमा खर्च गरेकोले यस्तो कार्य नियमसंमत देखिएन ।

सैद्धान्तिक बेरुजु

४१.२प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि,२०७९ को दफा ३२ मा रैथाने बाली प्रवर्द्धनको बारेमा उल्लेख गरेको छ । लामो सयम खेति नगरी बाँझो रहेको जग्गा लिजमा लिई खेति गर्ने कृषकलाई अनुदान दिन सकिने र रैथानै बालिमा बढीमा प्रतिकेजि १०। का दरले अनुदान दिन सक्ने समेत उल्लेख गरेकोमा पालिकाले छिरिङ छाङ्गा कृषक समूहलाई रु.३०००००। उपलव्ध गराएकोमा कार्यविधि अनुसार नगरी पाईप खरिद,जमिन खनजोत घेरवार तथा गोडमेल जस्ता कार्यका लागि बिलका आधारमा अनुदान दिएको देखियो । कार्यविधि अनुसार खर्च गर्नुपर्नेमा फरक कार्यमा गरेकोले यस्तो कार्य नियमसंमत देखिएन ।

सैद्धान्तिक बेरुजु

४१.३स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्याविधक गरी राखे को नदेखिएकोले अभिलेख नराखि पटक पटक एकै फर्म तथा व्यक्तीलाई अनुदान उपब्ध हुन सक्ने जोखिम विद्यमान हुने भएकाले पालिकाले यसमा ध्यान दिनुपर्ने ।

सैद्धान्तिक बेरुजु

४२ **बढी भुक्तानी**

४२.११६।०८०।२।४ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार निर्माण कार्यको लागत अनुमान तोकिए बमोजिम बास्तविकतामा आधारित भएर तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले खानेपानी पल्लु बाटो पर्खाल निर्माण कार्य उपभोक्ता समितिबाट निर्माणको काठे पुल निर्माणमा सल्लाको काठको दर विश्लेषणमा काठको चौकोश ढोका तयार गर्दा लाग्ने

जनशक्ति,सामाग्रीको विश्लेषण गरेको देखियो । जिल्ला दररेटको प्रतिभारी दाउराको मूल्यको आधारमा भुक्तानी गर्नुपर्नेमा काठको चौकोश ढोकाको दरराखी बनाएकोले सोको यथार्थ मूल्याङ्कन नगरी ०.९३ घमिको रु.११०४८६.८ का दरले रु.१०२७५३। भुक्तानी भएकोले यथार्थ मूल्याङ्कन गरी प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०२,७५३

४२.१ पालिका पूँजिगत ३०७।०८०।३।२४ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ ।पालिकाको बसेडी रिठगाड बाटो मर्मत व्यास ६ हुति को सुख्खा ढुङ्गाको पर्खाल बनाउने कार्यको नापी कितावमा ३.६ घनमिटर कार्य गरेकोमा उपभोक्ता विल र कार्य स्वीकार प्रतिवेदनमा ९.५६ घनमिटर राखी प्रति घनमिटर ४८५१। का दरले ५.९६ घनमिटरको रु.२८९१२। बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२८,९१२

४३ **ठे.नं. ०१।०७६।०७७ प्रशासकिय भवन निर्माण**

४३.१ ठे.नं. ०१।०७६।०७७ प्रशासकिय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी श्री रोयल/एल.बि एण्ड ए.बि. जे.भी. वीच कवोल अंक रु १०,६९,८१,२८८।२८(मू.अ.कर र पी.एस. समेत) को मिति २०७८।१०।१३ मा काम सम्पन्न गर्ने गरी मिति २०७७।०२।१३ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क . म्याद थप : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण कार्यको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ ।गाउँ कार्यपालिकाको मिति २०८०।०४।१६ को निर्णयवाट गाउँपालिका अन्तर्गत सञ्चालित आ.व. २०७९।८० असार मसान्तसम्म योजना सम्पन्न गर्नुपर्ने म्याद समाप्त भएका योजनाहरुको ६ महिनाका लागि (२०८० पौष मसान्त सम्मका लागि) म्याद थप गर्ने निर्णय गरेको छ । म्याद थप गर्ने निर्माण अघि कार्यसम्पादन जमानतको म्याद, वीमाको अवधि थप नगरी एकमुष्ट निर्माण कार्यहरुको म्याद थप भएको छ । म्याद थप गर्नुपर्नाको वस्तुगत आधार विश्लेषण गरेर मात्र म्याद थप गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.२ **ख . पेश्की कम कट्टी :** खरिद सम्झौताको SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । पाँचौ रनिङ्ग विल वापत रु १,१८,२२,५६७।०४ भुक्तानी भएकोमा रु ७,५०,०००।०० मात्र पेश्की फर्छ्यौट भएको छ । खरिद सम्झौता अनुसार रु ४७,२९,०२६।०० पेश्की कट्टी गर्नुपर्नेमा कम पेश्की कट्टी गरी निर्माण व्यवसायीलाई लाभ पुर्याउने कार्य उचित भएन । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.झ . **कार्यसम्पादन जमानतको अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि कार्य सम्पादन जमानतको अवधि २०७९।०५।०७ सम्म रहेकोमा यस निर्माण कार्यको म्याद २०८० पौष मसान्त सम्मका लागि थप भएकोमा कार्यसम्पादन जमानतको म्याद थप भएको छैन् । नियमावली वमोजिमको म्याद खाम्ने गरी कार्यसम्पादन जमानतको अवधि थप हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.ञ . **काम सम्पन्न गर्न वाँकीको भुक्तानी :** आइटम Providing and Fixing 2 or 3 Panel sliding windows of aluminum section in black anodized/power coated color को १७२।५५ वर्ग मी.@ रु ८,०००।०० का दरले रु १३,८०,३९०।०० (मू.अ.कर वाहेक) भुक्तानी भएकोमा निर्माणाधिन भवनको तस्वीर हेर्दा जडान भएको देखिएन । उक्त सामान साइटमा आपूर्ति भएको र जडान हुनमात्र बाँकी रहेकोले ठेक्का विल उठाएको र विलको केही रकम रु ५,५१,४१७।०४ निर्माण व्यवसायीलाई भुक्तानी दिन वाँकी राखेको पालिकाले जनाएको छ । उक्त सामान जडान गरेको प्रमाण पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ ठे.नं. ०६।२०७९।०८० दुम्लिङ्ग देखि छाङरु हुदै तिंकर जाने घोरेटो बाटो निर्माण

४४.१ ठे.नं. ०६।२०७९।०८० दुम्लिङ्ग देखि छाङरु हुदै तिंकर जाने घोरेटो बाटो निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी चाँदनी-नमस्कार-सरस्वती जे.भी वीच कवोल अंक रु २,४८,५५,७४६।८८ (मू.अ.कर समेत) को मिति २०८०।०३।१८ मा काम सम्पन्न गर्ने गरी मिति २०८०।०१।०७ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क . पेश्की भुक्तानी : गो.भौ. १९।०८०।०१।२५ खरिद सम्झौताको SCC को GCC 57.1 मा Advance Payment shall be 10% and shall be paid in two equal installments to the contractor को व्यवस्था रहेको छ । खरिद सम्झौता अनुसार यस निर्माण कार्यको प्रथम किस्ता मोविलाईजेशन पेश्की वापत रु १०,९९,८११।०० भुक्तानी हुनुपर्नेमा रु २२,००,०००।०० भुक्तानी भएको छ । खरिद सम्झौता अनुसार खरिद सम्झौताको १०% कुल पेश्की दुई वरावर किस्तामा दिने उल्लेख भएकोमा पालिकाले एकमुष्ट रकम भुक्तानी दिने कार्य नियम सम्मत भएन । निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी सम्झौता विपरीत एकमुष्ट पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४.ख . **कार्यसम्पादन जमानतको अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको कार्यसम्पादन जमानतको अवधि २०८१।०२।०५ सम्म रहेको छ । कार्यसम्पादन जमानतको अवधि न्युनतम २०८१।०४।१७ सम्मको हुनुपर्नेमा कम अवधिको कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गरेको नियम सम्मत भएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४.**ञ . कार्यस्वीकार प्रतिवेदन :** गो.भौ. ५७।०८०।०३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११७ मा कार्यस्वीकार प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत रु १,८७,२४,३७२।०० भुक्तानी भएको छ ।खरिद सम्झौता अनुसार रु २,४८,५५,७४६।८८ (मू.अ.कर समेत) को काम गर्नुपर्नेमा रु १,८७,२४,३७२।०० को काम गराई कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । यस निर्माण कार्यको कार्यस्वीकार प्रतिवेदन तयार नगरी कार्यसम्पन्न प्रतिवेदन तयार भएको छ । खरिद सम्झौता अनुसारको सम्पूर्ण काम गरी कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटि सच्याउने अवधि समाप्त भएपछीमात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **ठे.नं. ०४।०७९।८० Construction of Timurpata-Huti-Dhaulakat-Madgau-Maal Road**

ठे.नं. ०४।०७९।८० Construction of Timurpata-Huti-Dhaulakat-Madgau-Maal Road निर्माण कार्यका लागि पालिका र निर्माण व्यवसायी चम्पेश्वर निर्माण सेवा वीच कवोल अंक रु ७,६१,१९,६८७।७३ (मू.अ.कर वाहेक) को मिति २०८२।१०।३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।०१।०३ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क . काम सम्पन्न गर्नुपर्ने अवधि : खरिद सम्झौताको विशेष शर्त र कार्यादिश अनुसार काम सम्पन्न गर्नुपर्ने अवधि एउटै हुनुपर्दछ । खरिद सम्झौताको विशेष शर्त मा काम सम्पन्न गर्नुपर्ने अवधि ३ वर्ष उल्लेख भएकोमा कार्यादिशमा २ बर्ष १० महिना अवधि तोकिएको छ । यसले गर्दा कार्यसम्पन्न गर्नुपर्ने समय एकिन भएन ।

ख . कार्यसम्पादन जमानतको अवधि : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको कार्यसम्पादन जमानतको अवधि २०८१।०९।२७ सम्म रहेको छ । कार्यसम्पादन जमानतको अवधि न्युनतम २०८३।११।३० सम्मको हुनुपर्नेमा कम अवधिको कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गरेको नियम सम्मत भएन ।

ग . कार्य प्रगति : खरिद सम्झौता साथ पेश भएको कार्यतालिका अनुसार कार्य प्रगति हुनुपर्दछ । यस निर्माण कार्यको लागि पालिकावाट मिति २०८०।०२।०५ मा सम्झौता अनुसार कार्य शुरु गर्न निर्माण व्यवसायीलाई ताकेता गरेको छ । पुन: मिति २०८०।०२।३० मा पालिकावाट सम्झौता अनुसार कार्य शुरु गर्न निर्माण व्यवसायीलाई दोश्रो पटक ताकेता गरी पत्र पठाएकोमा समेत निर्माण व्यवसायीवाट लेखापरीक्षण अवधिसम्म पनि काम शुरु भएको छैन् । खरिद सम्झौतामा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा कार्य प्रगति तथा सम्पन्न गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **ठे.नं. ०२।०७८।७९ Construction of Ward no 3 Office Building निर्माण**

४६.१ ठे.नं. ०२।०७८।७९ Construction of Ward no 3 Office Building निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी एल.बी.एण्ड ए.बि. जे.भी. विल्डर्स प्रा.लि. (कर दर्ता नं. ६०९६५१०४३) वीच कवोल अंक रु १७८८१२१४।४२ (मू.अ.कर समेत) को मिति २०८०।०५।३० मा काम सम्पन्न गर्ने गरी मिति २०७८।०८।०६ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क . काम सम्पन्न गर्नुपर्ने अवधि : खरिद सम्झौता कार्यान्वयन अवधि तोकी सम्झौता गर्नुपर्दछ । खरिद सम्झौताक बिशेष शर्तको GCC 1.1(v) मा काम सम्पन्न गर्नुपर्ने अवधि २०८०।०५।३० उल्लेख भएकोमा कार्यादिशमा काम सम्पन्न गर्नुपर्ने अवधि २०८०।१०।३० उल्लेख भएको छ । काम सम्पन्न तोकिएको समयभन्द अघि नै सम्पन्न गरेको भनी वोनस भुक्तानी भएको छ । खरिद सम्झौताको विशेष शर्त र कार्यादिश अनुसार काम सम्पन्न गर्नुपर्ने अवधि एउटै हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.२ **ख . मूल्य समायोजन :** गो.भौ. २१७।२०८०।०२।३२ खरिद सम्झौताको विशेष शर्तको GCC 53.1 मा The Contract is not subject to price adjustment को व्यवस्था रहेको छ । यस निर्माण कार्यको खरिद सम्झौता अनुसार मूल्यवृद्धि वापत भुक्तानी दिन नमिल्नेमा पालिकावाट मूल्यवृद्धि वापत रु १३,०६,५५९।२० (मू.अ.कर समेत) भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु....

असुल गर्नुपर्ने	१३,०६,५५९

४६.३ **ग . प्रोभिजन सम :** प्रोभिजनल समको भुक्तानी दिदा निर्दिष्ट प्रयोजनका लागि वी.ओ.क्यू. मा तोकिएको सीमा सम्म पेश भएको सक्कल विल भर्पाईका आधारमा भुक्तानी दिनु पर्दछ । प्रोभिजन सम वापत रु २,५०,०००।०० भुक्तानी भएको मध्ये वी.ओ.क्यु. मा प्रोभिजन सम भनी रु २,००,०००।०० रकम रहेकोमा कुन प्रयोजनको लागि उक्त आइटम राखेको खुलाएको छैन । प्रोभिजनल समको भुक्तानी दिदा निर्दिष्ट प्रयोजनका लागि वी.ओ.क्यू. मा तोकिएको सीमा सम्म पेश भएको सक्कल विल भर्पाईका आधारमा भुक्तानी दिनु पर्नेमा कुनै प्रयोजन नै नखुलाई विल भर्पाई वेगर एकमुष्ट रु २,००,०००।०० भुक्तानी भएकोले प्रयोजन खुलाई खर्च प्रमाणित गर्ने विल भर्पाई पेश हुनुपर्ने रु....

प्रमाण पेश नगरेको	२,००,०००

४६.४ **घ . एज विल्ट ड्रइङ्गस :** खरिद सम्झौताको विशेष शर्तको GCC 71.2 मा The day by which “as built” drawings are required is 30 days after completion उल्लेख भएकोमा “as built” तयार गरेको छैन् । भवन निर्माण कार्य सम्पन्न पश्चात खरिद सम्झौताको व्यवस्था अनुसार “as built” तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम कार्यस्वोकार प्रतिवेदन तयार नगरेकोले नियममा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **ठे.नं. ०२।०७८।७९ Construction of Ward no 3 Office Building निर्माण**

४७. ठे.नं. ०३।०७८।७९ Construction of Ward no 2 Office Building निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी एल.बी.एण्ड ए.बि. जे.भी. विल्डर्स प्रा.लि. (पान नं. ६०९६५१०४३) वीच कवोल अंक रु १,८९,१०,९९५।५५(मू.अ.कर समेत) को मिति २०८०।१०।३० मा काम सम्पन्न गर्ने गरी मिति २०७८।०८।०६ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क . कार्यसम्पादन जमानतको अवधि : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको कार्यसम्पादन जमानतको अवधि २०८०।०८।०२ सम्म रहेको छ । कार्यसम्पादन जमानतको अवधि न्युनतम २०८१।११।२९ सम्मको हुनुपर्नेमा कम अवधिको कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गरेको नियम सम्मत भएन ।

सैद्धान्तिक बेरुजु

४७. **ख . मूल्य समायोजन :** गो.भौ. २०६।२०८०।०२।२४ खरिद सम्झौताको विशेष शर्तको GCC 53.1 मा The Contract is not subject to price adjustment को व्यवस्था रहेको छ । यस निर्माण कार्यको खरिद सम्झौता अनुसार मूल्यवृद्धि वापत भुक्तानी दिन नमिल्नेमा पालिकावाट मूल्यवृद्धि वापत रु १०,०९,७४४।५३ (मू.अ.कर समेत) भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु.......

असुल गर्नुपर्ने	१०,०९,७४४

४८ **ठे.नं. ०५।२०७९।८० १५ शैया आधारभूत अस्पताल निर्माण**

ठे.नं. ०५।२०७९।८० १५ शैया आधारभूत अस्पताल निर्माण कार्यका लागि पालिका र निर्माण व्यवसायी चामलिङ्ग - उमा जे.भी. वीच कवोल अंक रु २४,७६,८५,०८९।६२ (मू.अ.कर समेत) को मिति २०८२।१२।०१ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।१२।०२ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क . पेश्की जमानत : खरिद सम्झौताको SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 20% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । अग्रीम बैंक जमानत वापत नबिल बैंक लि. को मिति २०८०।०९।२१ सम्म म्याद भएको रु १,८०, ५०,०००।०० बैंक जमानत पेश भएको छ । खरिद सम्झौता अनुसार अग्रीम बैंक जमानतको अवधि न्युनतम २०८२।०३।१५ रहनुपर्नेमा २०८०।०९।२१ सम्मको मात्र अवधि भएको पेश्की जमानत पेश भएको छ । खरिद सम्झौता अनुसारको अवधि खाम्ने अग्रीम बैंक जमानत पेश हुनुपर्दछ ।

ख . पेश्की भुक्तानी : गो.भौ. १।२०८०।०३।२३ खरिद सम्झौताको SCC को GCC 57.1 मा Advance Payment shall be 10% and shall be paid in two equal installments to the contractor को व्यवस्था रहेको छ । खरिद सम्झौता अनुसार यस निर्माण कार्यको प्रथम किस्ता मोविलाईजेशन पेश्की वापत रु १,०९,५९,५१७।०० भुक्तानी हुनुपर्नेमा रु

१,७८,२५,०००।०० भुक्तानी भएको छ । खरिद सम्झौता अनुसार खरिद सम्झौताको १०% कुल पेश्की दुई वरावर किस्तामा दिने उल्लेख भएकोमा पालिकाले एकमुष्ट रकम भुक्तानी दिने कार्य नियम सम्मत भएन । निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी सम्झौता विपरीत एकमुष्ट पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ नापी किताव र प्राविधिक विजक

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाको असार महिनाको भौचर परीक्षण गर्दा प्राविधिकबाट नापी किताव बमोजिम प्राविधिक विजक उठाउनुपर्नेमा सो गरेको पाइएन । साथै वाल निर्माण, सुख्खा गाह्रो लगाउने कार्य, फर्म वर्कको कार्यमा लम्वाई चौडाइ उचाइको नापजाच नमिलेको देखियो । यस सम्वन्धमा पालिकामा कार्यरत प्राविधिक इन्जिनियरलाई लेखापरीक्षणको क्रममा सोधनी गर्दा देहाय बमोजिमका भौचरबाट भुक्तानी भएको देहाय बमोजिमका योजनाको नापजाँचमा कैफियत प्रमाणित भएकोले निजबाट नै पुन नापजाँच गरी पेश गर्ने जवाफ प्राप्त भएको छ । प्राविधिकबाट नापजाँच गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु

भौचर नं/मिति	विवरण	रकम रु
271-2080/3/19	पासाभाटा मन्दिर निर्माण कार्य	१९००००.०
268-2080/3/19	हरिचन मन्दिरि निर्माण कार्य	४८०००.०
289-2080/3/21	पन्तोली लटवावा मन्दिर निर्माण कार्य	१९०५३०.०
282-2080/3/20	सम्पाल मन्दिर निर्माण कार्य	२३१२००.०
281-2080/3/20	बागबजार सार्वजनिक शौचालय निर्माण कार्य	२३७८००.०
	जम्मा	८९७५३०.०

प्रमाण पेश नगरेको	८,९७,५३०

५० असुल हुनुपर्ने

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कारोबारको भुक्तानिमा देहायबमोजिम बढी भुक्तानी गरेकोले असुल हुनुपर्ने रु (विवरण अनुसूचिमा उल्लेख छ ।)

असुल गर्नुपर्ने	१,३९,५६७

५१ कल्जु घोरेटो बाटो निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४को १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्जु घोरेटो बाटो निर्माण कार्यमा रु १४४००००। भुक्तानी भएको छ ।उक्त निर्माण कार्यमा माटो खन्ने कार्य ०+०००-०+३०० सम्म ७२ धनमिटर, ढुङ्गा सोइलिङ गर्ने कार्य ०+००-०+९५० सम्म ८६ घनमिटर दिएको छ । ढुङ्गा सोइलिङ गर्ने कार्य ९५० मिटर भएकोमा माटो खन्ने कार्य ३०० मिटर मात्र भएको देखिन्छ । जुन आपसमा सम्वन्धित रहेका हुन्छन । पेश भएको नापि किताव अनुसार वास्तविक नापी भएको छ भन्ने अवस्था देखिदैन । लेखापरीक्षणको क्रममा प्राविधिकलाई सोधनी हुदा त्रुटी भएको र सच्याई पेश गर्ने जवाफ प्राप्त भएको छ । वास्तविक नापी लिई बढि भएको भुक्तानी असुल हुनुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	३,३१,५३४

५२ अनियमित खर्च

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले गरेको देहाय बमोजिमको कारोबारमा रित नपुर्‍याएको नियमसम्मत नदेखिएको रु (विवरण अनूसूचिमा उल्लेख छ ।)

अनियमित भएको	७,८०,८१०

५३ उपभोक्ता समितिबाट सम्पदित कार्य

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरेका भौचरमा देहाय बमोजिम देखिएको छ ।

१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र दफा ४ को उपदफा १ खण्ड ट को व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता

समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

२ भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । उपभोक्ताबाट सम्पादित कार्य केहिमा फोटो संलग्न भएको भएतापनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

३ कामको नापजाच र हस्तान्तरणः योजनाहरुको नापी कितावमा प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, प्रमुख प्रशासकिय अधिकृत र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले संचालन गरेका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन। अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

४ जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । नगरपालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कतिपय मेशिनबाट काम गर्ने कार्यको लागि उपभोक्ता समितिका विजकमा डोर हाजिरी संलग्न राखेको देखियो । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट पेश भएका प्रमाणहरु एक अर्कामा मेल भएको देखिदैन । प्राविधिक विलमा उल्लेख भएको निर्माण सामग्री बराबरको सिमेन्ट, रड, इटाको विजक नराखि डोर हाजिर भुक्तानी

भएको परिमाण भन्दा बढिको राखेको देखिन्छ । यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । पालिकाले यस सम्वन्धमा आवश्यक निति अख्तियार गर्नुपर्दछ । साथै, उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

५ सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने(विद्यालय भवनहरु), मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

६ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

७ अनुगमन समितिः गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८ म्यादथपः पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

९ जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य आर सि सी फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक ढलान गर्ने, मन्दिर निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र खण्ड ट लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि सम्बन्धी प्रावधानहरु रहेका छन् । पालिकाले कार्यान्वयनमा ल्याएको कार्यविधिको दफा १६ ङ सँग सम्वन्धित अनुसूची ६ मा निर्माण सामग्रीमा भएको खर्च, ज्याला, मसलन्द सामान, दैनिक भ्रमण भत्ता, प्राविधिक निरीक्षण वापत खर्च र अन्य खर्चको विवरण समावेश गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार भुक्तानी भएका योजनाहरु परीक्षण गर्दा आयोजनाको लागत अनुसार खर्च रकम कम भएको देखिन्छ । पालिकाले कार्यान्वयनमा ल्याएको कार्यविधि, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन, संचालन, योजनाहरुको सम्झौता, योजनाहरुको कार्यन्वयन, योजना अनुगमन, पेश्की फछर्यौट, योजनाहरुको कार्य सम्पन्न, योजना फरफारक लगायतका विषयहरुको पूर्णपालना भएको देखिदैन । उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसिकएको उपभोक्ता समितिबाट सम्पादित योजनाहरु आगामी वर्षमा सुधार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५४ **अन्य निकाय खर्च**

नेपालको संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने व्यवस्था गरेको र प्रदेश वा स्थानीय तहले नेपाल सरकारका निकायलाई रकम उपलब्ध गराउने परिकल्पना गरेको छैन । नेपाल सरकारले सालवसाली विनियोजन ऐन एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा अन्तर सरकारी अख्यारी सम्वन्धी व्यवस्था गरेको छ । अन्तर सरकारी अख्तियारी कार्यान्वयन गर्दा अख्तियारी दिने निकायको एकाइ कार्यालयको रुपमा आर्थिक कारोबार गर्नपर्ने, आफ्नो संचितकोषमा आम्दानी बाध्न नपाइने, प्रतिवेदनहरु अख्तियारी दिने निकायमा पठाउनु पर्ने, आन्तरिक लेखापरीक्षण अख्तियारी दिने सरकारको निकायले गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमका संघिय इकाइलाई निम्नानुसार कार्यको लागि खर्च भुक्तानी दिएको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ । (विवरण अनुसूचिमा उल्लेख छ ।)

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

५५

(क) सम्परीक्षण :- सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ४० र ४१ बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु. १२३८०९०००। रहेकोमा गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको छैन । कानूनमा भएको व्यवस्था बमोजिम संपरीक्षण गर्नुगराउनु पर्दछ ।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **व्यास गाउँपालिका, दार्चुला** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) रु हजारमा opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) रु हजारमा beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू रु हजारमा (E=A-B+C+D) remaining_beruju
१	१२३८०९	०	९६४९	०	१३३४५८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : व्यास गाउँपालिका, दार्चुला , व्याँस गाउँपालिका , दार्चुला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	महेश बहादुर बम	२०८०-१-१४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	कृष्णा नन्द बडु	२०७८-९-१९	२०८०-१-१३
लेखा प्रमुख	गोपाल विष्ट	२०७९-६-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	लोक राज पन्त	२०७७-४-१	२०७९-६-६

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,०९५,२०८	३,७९१,२७८	२,७९९,७८८	०	०	०
				जम्मा बेरुजु रकम	९,६८६,२७४
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५८४१९५७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२७५३०७२३९	**चालु खर्च**	२३६०१७८१५
प्रदेश सरकारबाट अनुदान	१९२७७१८०	**पूँजीगत खर्च**	१५४२४१९६८
राजश्व बाँडफाँट	७५१९७८७४	**वित्तीय/अन्य व्यवस्था**	८१७०३३५४
आन्तरिक आय	४५५१३९४.०		
अन्य आय	८५४४५५७५		
कुल आय	४५९७७९२६२	**कुल खर्च**	४७१९६३१३७
बाँकी मौज्दात		४३६५८०८२	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
२	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
३	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
४	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
५	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
६	शिक्षा तर्फ	शिक्षा तर्फ
७	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
८	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
९	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
१०	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
११	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
१२	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
१३	विविध	लेखापरीक्षणको दौरानमा देखिने जोखिम
१४	भुक्तानीमा कर कट्टी	भुक्तानीमा कर कट्टी

बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -३

भौचर नं/मिति	विवरण	रकम रु
246-2080/3/24	नरेन्द्र सिँह वडालको कार्यक्रम संचालन गरी शोधभर्ना माग गर्दा ५ जनाले दैनिक यातायत खर्च वापत बुझेको २६ दिनको रु १०००। मध्ये यातायतको टिकट पेश नगरेको तथा सुदुरपश्चिम प्रदेश कार्य संचालन निर्देशिकाको बुदा नं. 7.1.15 बमोजिम रु ५००। को दरले दिनुपर्नेमा रु १०००। को दरले भुक्तानी भएकोले बढि रकम रु ५००। का दरले २६ जनाको हुने रु १३०००। असुल गर्नुपर्ने रु	१३०००.०
34-2079/6/4	शिक्षा अधिकृत चक्रदेव जोशी स्यवम उपस्थिती नभएको ५ वटा बैठकको भत्ता बुझेको कर वाहेक रु 6120। असुल हुनुपर्ने रु	६१२०.०
35-2079/6/4	शिक्षा अधिकृत चक्रदेव जोशीले दैनिक भ्रमण भत्ता दावि गरेको मिति 2079/5/2-5/8 र 2079/5/17-5/25 सम्मको अवधिमा गोवश्वरा भौचर नं. 34-2079/6/4 मा पेश गरेको पालिकाको बैठकमा उपस्थित भई बैठक भत्ता बुझेकोले निजबाट भ्रमण भत्ता असुल हुनुपर्ने रु	१७८७२.०
	जम्मा	३६९९२.०

बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -४

भौचर नं/मिति	विवरण	रकम रु
245-2080/3/24	यस भौचरबाट खरिद भएको पाइपको प्रयोग भएको स्थान र नापी किताव पेश गर्नुपर्ने देखिएको रु	१५००००.०
22-2079/6/3	गापाको वडा नं 5मा खानेपानी खरिद गरेको भएपनि उपयोग भएको स्थान र नापी किताव पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु	९९९००.०
291-2080/3/21	रतन फर्निचरर मेनकाबाट खरिद गरेको सामान शसस्त्र प्रहरी वल नेपाललाई उपलब्ध गराएको सामान दाखिला गरेको प्रमाण पेश नभएको रु	२४८०००.०
	जम्मा	४९७९००.०

बेरूजु दफा ३० सँग सम्बन्धित विवरण - अनुसूची -५

भौचर नं/मिति	विवरण	रकम रु
33-2079/6/4	शिक्षक दरवन्दी पदपूर्ती लागि चक्र देव जोशीले बैठक भत्ता वितरणको लागि रु 48400। भुक्तानी भएको छ । ८ वटा बैठकबाट ८ वटा निर्णय गरी उक्त खर्च प्रति वैठक रु १२००। को दरले खर्च लेखेको छ ।परीक्षा संचालन देखि नतिजा प्रकाशन सम्मको कार्य पूर्वानुमान गर्न सकिने हुदा बैठक भत्ता बढाउनको लागि मात्र संख्या वृद्धि गरेको देखिन्छ । थोरै वैठकबाट सम्पन्न गर्न सकिने कार्यका लागि ८ वटा बनाउनु मितव्ययी नदेखिएको रु	४८५००.०
57-2079/7/21	भिजन कम्प्युटर ट्रेनिङ सेन्टरलाई उपभोक्ता समितिको रुपमा सम्झौता गरी उपभोक्ता अश नखुलाई रु ५ लाख उपलब्ध गराएको छ । तालिम संचालनको लागि सार्वजनिक खरिद ऐन, 2063 को दफा ५ बमोजिम लागत अनुमान तयार गरी प्रतिस्पर्धा गराउनुपर्नेमा सो नगरी एकल फर्मलाई उपभोक्ता समितिको रुपमा सम्झौता गरी उपभोक्ता लागत अंश 15 प्रतिशत साझेदारी गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेको देखिएकोले उस अंश 75000। असुल गरी नियमित हुनुपर्ने रु	75000.0
	जम्मा	123500.0

बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -६

बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र स	भौचर नं/मिति	विवरण	रकम रु
1	231-2080/3/13	किमपन्यार नागढुङ्गा संरक्षण समिति र पालिकाले क्रमश पालिका अंश रु 472500। र उपभोक्ता अंश रु 132184। रहने गरी सम्झौता भएको देखियो । उक्त निर्माण कार्यको प्राविधिक विजक अनुसार जम्मा खर्च रु 475132। भएको देखिन्छ । सम्झौता बमोजिम पालिकाले आनुपातिक कट्टी गरी रु 371220। भुक्तानी गर्नुपर्नेमा रु ४१४१३०। भुक्तानी भएकोले बढी भएको रु ४२९०९। असुल गर्नुपर्दछ ।	४२९०९.०
2	234-2080/3/14	चन्दाकोट खालिघार पिसिसि बाटो निर्माण कार्यको प्राविधिक विजक अनुसार रु १८९०००। भुक्तानी भएकोमा उपभोक्ता अंश कट्टा नगरेकोले उपभोक्ता अंशवापतको हुने रु ३७८००। असुल गर्नुपर्दछ ।	३७८००.०
3	263-2080/3/18	बाननी सामुदायिक भवन निर्माण कार्यको प्राविधिक विलमा एम १५ ग्रेडको 3.38 धनमिटरको लागि फर्मवर्क 63.73 वर्ग मिटर नापी गरि दिएको छ । उक्त निर्माण कार्यमा फर्म वर्क लाग्ने कुने पनि कार्य नरहेकोले रु ६५७१८। को एम १५ ग्रेडको लागि रु 58858। को फर्म वर्क दिनु उचित देखिदैन । प्राविधिक पुष्ट्याई सहित उक्त परिमाणमा लाग्ने फर्म वर्कको नर्म्स बमोजिम एकिन गरी बढी भएको असुल हुनुपर्ने रु	५८८५८.०
		जम्मा	१३९५६७.०

बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -८

सि.नं.	भौचर नं/मिति	विवरण	रकम रु
१	22-2089/8/18	मल्ला गाउँ दुर्गा मन्दिरको छाना निर्माण कार्यको लागि वजेट स्विकृत भएकोमा प्राविधिक विजकमा छाना निर्माणसँग सम्वन्धिक कार्य गरेको नदेखिएकोले स्विकृत कार्यक्रम भन्दा फरक भएको खर्च नियमसम्मत देखिदैन । यस्तो कार्यमाय सुधार गर्नुपर्दछ ।	96000.0
२	26-2079/9/20	छाङ्गरु समुदायको लागि रु 199810। को जेनेरेटर खरिद गरेको विजक राखी भुक्तानी गरेको छ । उक्त जेनेरेटर कुन प्रयोजनको लागि हो सो नखुलाई मेशिनरी सामान खरिद गरी दिनु नियमसम्मत नदेखिएको रु	199810.0
३	50-2079/10/12	राष्ट्रिय ग्रिड प्रशारण लाइनमा विस्तार भैरहेको समयमा यसलाई सहयोग हुनेगरी संरचना निर्माण तर्फ ध्यान दिनुपर्नेमा लघु जलविधुत्तमा लगानी गरेको छ । वार्षिक लाभ भन्दा बढी खर्च हुने संरचनामा खर्च गर्नु मितव्ययी नदेखिएको रु	192000.0
४	85-2079/11/2	बाटो निर्माण कार्यको रकम उपभोक्ता समितिलाई भुक्तानी हुनुपर्नेमा वडा सचिव विनोद बुढाथोकीलाई भएकोले नियमसम्मत नदेखिएको रु	188000.0
५	130-2080/2/7	रमेश भट्टलाई गरेको भुक्तानी चालू प्रकृतीको खर्च विविध शिर्षकबाट गर्नुपर्नेमा पूजिगत शिर्षकबाट गरेकोले नियमसम्मत नदेखिएको रु	105000.0
		जम्मा	780810.0

बेरूजु दफा ५४ सँग सम्बन्धित विवरण - अनुसूची -९

भौचर नं/मिति	विवरण	रकम रु
19-2079/8/15	सिमा प्रहरी संचार व्यवस्थान खर्च	९०४७४.०
33-2079/9/29	इलाका प्रहरी कार्यालय गेट निर्माण	६२०००.०
35-2079/9/29	राप्ला टेलिकम टावरलाई विद्युत्त विस्तार खर्च भुक्तानी दिएको छ । नेपाल टेलिकमले माग गरेको प्रमाण नरहेको । उक्त टावर सम्वन्धी कार्य टेलिकम स्वयंको कार्यक्षेत्र पर्ने भएकोले दोहोरो पर्ने देखिन्छ । दोहोरो परे नपरेको एकिन हुनुपर्ने तथा यस्तो खर्चमा सुधार हुनुपर्ने देखिएको रु	२८८०००.०
60-2079/10/19	इलाका प्रहरी कार्यालय टिङ्कर सोलार सेट खरिद	१५००००.०
63-2079/10/20	इलाका प्रहरी कार्यालय हुती रंगरोगन खर्च	९६०००.०
178-2080/2/12	प्रहरी पोष्ट निर्माण	४१९७०.०
	जम्मा	७२८४४४.०